

Inbox (1) - daobardiya@gmail.co
Meet - DDMC बर्दियाको बैठक
जिल्ला प्रशासन कार्यालय बर्दिया | Fac
meet.google.com/snd-ajpj-byy?authuser=0
Sunita Tiwari is also here
43
3:16 PM
You
You
Mohan K.C.
Babai Irrigation ...
जिल्ला प्रशासन का...
जिल्ला प्रशासन का...
Babai Bhada Au...
Debendra Pandey
Nirmal chaudha...
PMAMPRAJAP...
Topendra KC
Bardiya Nationa...
mukesh gautam
Deepak Shrestha
जिल्ला प्रशासन का...
Subhash Pandey
Puspa Chaudha...
Bhabuk Yogi
Suman Bashyal
Kabir Tharu
Sapana Chaudh...
Gojo Satoru
जिल्ला प्रशासन का...
Prisma Singh T...
Bal Krishna Oli
Jeevan Malla
Khamb singh B...
Deo Bardiya
Jeetram Chaud...
Deepak Sharma
Jaya Bangalam...
Gauri Budhathoki
Tika Ram Chau...
Meghraj Sigdel
Ishwor Karki
Krishna Yadav
Yam Ghimire
Bishnu Timilsina
JitRaj Shrestha
Tek
Lal Bahadur Shrestha
Durga Kshetri
Health Office
DDMC बर्दियाको बैठक
Turn on captions
Present now
Bardiya_Daily_Rep....jpg
Nirnaya (1).docx
193454466_48355....jpg
191604621_11048....jpg
195919118_17825....jpg
२०७८ साल जेष्ठ १९ गते, बुधबार
Wednesday, 19th of Jeshtha 2078
EN
3:16 PM
6/2/2021

आज मिति २०७८ जेष्ठ १९ गते बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति बर्दियाको भर्चुअल माध्यमबाट बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया अध्यक्ष

नगरप्रमुख, श्री शालिकराम अधिकारी, बाँसगढी नगरपालिका,

नगरप्रमुख, श्री दुर्गा बहादुर थारु, बारबर्दिया नगरपालिका

अध्यक्ष, श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका

अध्यक्ष, श्री जमान के.सी., गेरुवा गाउँपालिका

सचिव श्री जीवन मल्ल, ने.का. बर्दिया

प्रतिनिधी, श्री कृष्ण यादव, ज.स.पा.

स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

आयोजना प्रमुख श्री मधुकर राना, बबई सिंचाई आयोजना

प्र.उ. श्री इश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया

स.प्र.उ. श्री नरबहादुर रावत, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.

सेनानी श्री श्यामु शाही, भैरब प्रसाद गण सुरक्षा गुल्म, बर्दिया

मे.सु. डा. सुभाष पाण्डेय, बर्दिया अस्पताल बर्दिया

ब.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया

प्र.अ., श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.अ. श्री नारायणप्रसाद ढकाल, जिल्ला प्रशासन कार्यालय, बर्दिया

प्र.प्र.अ. श्री टोपेन्द्र बहादुर के.सी., बाँसगढी नगरपालिका

प्र.प्र.अ. श्री दशरथ बुढा, बाँसगढी नगरपालिका

का.प्र. श्री धर्मराज न्यौपाने कर्णाली नदी व्यवस्थापन आयोजना

व.कृ.अ. डा. तपेन्द्रबहादुर शाह, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाई धान सुपरजोन

अध्यक्ष, श्री देवेन्द्रराज पाण्डे, उद्योग वाणिज्य संघ, बर्दिया ।

अध्यक्ष, श्री बालकृष्ण वली, नागरिक समाज, बर्दिया

अध्यक्ष, श्री बिष्णु तिमिल्सिना, गै.स.स.महासंघ, बर्दिया ।

अध्यक्ष श्री बालकृष्ण लामिछाने, बढैयाताल उद्योग वाणिज्य संघ, बर्दिया ।

कोषाध्यक्ष श्री यमनाथ घिमिरे, नेपाल पत्रकार महासंघ, लुम्बिनी प्रदेश

अध्यक्ष श्री भेषराज पौडेल, निर्माण व्यवसायी संघ, बर्दिया/बर्दिया अक्सिजन बैंक संयोजक

नि.आ.प्र. ई. रामचरित्र चौधरी, बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना

श्री सुमन बस्याल, बाणिज्य बैंक लि. गुलरिया शाखा

का.प्र.श्री जीतराज श्रेष्ठ, नेपाल टेलिकम

अध्यक्ष श्री प्रिज्मा सिंह थारु, थारु महिला उत्थान केन्द्र बर्दिया

श्री काशीराम चौधरी

श्री खम्ब सिंह बस्नेत

श्री टीकाराम चौधरी, पत्रकार

श्री जितराम चौधरी, कमैया महिला जागरण संघ बर्दिया

श्री सूनिता तिवारी,

श्री गौरी बुढाथोकी, DEOC

श्री मुकेश चन्द्र गौतम, DEOC

श्री मोहन के.सी.,

श्री भावुक योगी, पत्रकार

श्री दिपक श्रेष्ठ, पत्रकार

श्री निर्मल चौधरी,

श्री पुष्पा चौधरी, पत्रकार

प्रतिनिधि, श्री मानबहादुर डाँगी

श्री टिका सम्सेली, पत्रकार

श्री दिपक शर्मा, पत्रकार

प्रतिनिधि, श्री दुर्गा क्षेत्री, प्लान नेपाल

श्री मेघराज सिग्देल, पत्रकार

निर्णयः

१. कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. कोभिड-१९ को संक्रमणबाट निधन भएका व्यक्तिहरु प्रति गहिरो दुःख व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरियो ।

३. मिति २०७८/०२/१० गतेको आदेशले मिति २०७८/०२/२० गतेसम्म जारी भएको निषेधाज्ञालाई मिति २०७८/०२/३१ गतेसम्म निरन्तरता दिन जिल्ला सुरक्षा समिति, बर्दियालाई सिफारिस गरियो ।

४. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०६८ को एघारौ अध्यावधिक संस्करण, २०७८ का लागि विषयगत क्षेत्रले तयार पारेको रणनीतिक योजनालाई प्राप्त सल्लाह र सुझाव समावेश गरी अनुमोदन गरियो ।

५. यस बर्षको बर्षायाम निकट रहेकोले बर्षायाममा यस जिल्लामा बाढी तथा डुवानको जोखिम न्यूनीकरणका लागि अध्यावधिक गरी तयार पारिएको मनसून पूर्वतयारी योजना, २०७८ प्राप्त सुझाव सहित अनुमोदन गरियो ।

६. जिल्लाका DEOC, सुरक्षा निकाय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरोकारवालासंग रहेका सबै प्रकारका खोज तथा उद्धार सामग्री, जनशक्तिको विवरण आदि अद्यावधिक गरी चुस्त दुरुस्त अवस्थामा राख्न निर्देशन दिने।

७. विपद्को घटनाहरुबाट प्रभावित व्यक्तिहरुलाई उद्धार गरी सुरक्षित स्थलमा राख्नका लागि स्थल छनौट गर्दा कोभिड-१९ को संक्रमणको सन्दर्भमा तयार गरिएको स्वास्थ्य सुरक्षा मापदण्ड अनुसार पूर्वतयारीको सम्पूर्ण स्थानीय तहले प्रबन्ध गर्ने ।

८. विगतमा झै यस बर्ष पनि बाढी तथा डुबानबाट हुने क्षती न्यूनीकरणको पूर्व तयारीका लागि सम्पूर्ण स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, सरकारी तथा गैरसरकारी संघसंस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला अगुवा सहयोगी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय लगायत सरोकारवाला सबैले विपद व्यवस्थापनमा सक्रिय रुपमा सहभागी हुन अनुरोध गर्ने ।

९. मनसून पूर्वतयारी तथा प्रतिकार्यका लागि गाउँबस्तीसम्म पुग्नेगरी स्थानीय पत्रिका, एफ.एम. रेडियो, सामाजिक संजाल, माइकिङ आदि मार्फत जनचेतनामूलक सामग्री प्रकाशन, प्रसारण तथा प्रचार प्रसार गर्ने । उक्त कार्यका लागि सहयोग तथा सहकार्य गर्न सम्वन्धित संघसस्थाहरुलाई अनुरोध गर्ने ।

१०. कोभिड-१९ को लक्षणसंग मिल्दाजुल्दा विरामीहरुको पहिचान गरी संक्रमण प्रभावकारी रुपमा नियन्त्रण गर्न चिन्ह लक्षण देखिएका विरामीहरुको परीक्षणको दायरा बढाउने । यसका लागि सबै स्थानीय तहहरुले आवश्यकता अनुसार स्वास्थ्य कार्यालय, बर्दियासंग समेत समन्वय गर्ने ।

११. *मेरो लागि अक्सिजनमा मेरो योगदान* भन्ने नाराका साथ प्रमुख जिल्ला अधिकारीको संरक्षकत्व तथा उद्योगी व्यवसायीहरुको सक्रियतामा स्थापित *बर्दिया अक्सिजन बैंक*ले हालसम्म संम्पादन गरेका सम्पूर्ण गतिविधिहरुको प्रगति सम्वन्धमा बैंकका संयोजकबाट जानकारी प्राप्त भयो ।

१२. जल तथा मौसम पूर्वानुमान महाशाखाको सूचना अनुसार यस बर्ष अघिल्लो बर्ष भन्दा बढी पानी पर्ने सम्भावना भए अनुसार कर्णाली, बबई भादा, मानखोला तथा अन्य खोलानालामा पानीको बहाब बढ्न गई हुने क्षति न्यूनीकरणका लागि आ-आफ्नो कार्यालयबाट बजेट व्यवस्था तथा क्षति न्यूनीकरणका लागि कर्णाली नदी व्यवस्थापन आयोजना, बबई, भादा, औरही नदी व्यवस्थापन आयोजना, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, राजापुर सिंचाई व्यवस्थापन कार्यालयलाई बजेट तथा जनशक्ति व्यवस्थापनको आवश्यक व्यवस्था मिलाउन निर्देशन दिने तथा आवश्यकता अनुसार सहजीकरण गर्ने।

१३. नगरस्तरीय जोखिम न्यूनिकरण समिति, बाँसगढीको मिति २०७७/०९/०६ गतेको निर्णय, बाँसगढी नगरपालिका नगर सभाको मिति २०७७/०९/२७ को निर्णय, बाँसगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दियाको च.नं. १७५१ मिति २०७७/१२/०१ को जग्गा सम्वन्धी पत्र र सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलव्ध गराउने सम्वन्धी मापदण्ड, २०७७ को दफा ५ मा भएको व्यवस्था बमोजिमको स्थलगत सर्जमिन र पुष्टाइ सहितको बाँसगढी नगरपालिकाको प्रस्ताव एवम् भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाबाट उक्त मापदण्डको दफा ८ (२) बमोजिम खटिएको टोलीबाट भएको सर्जमिन लगायत आवश्यक कागजात संलग्न गरी भूमिसुधार तथा मालपोत कार्यालय, बर्दियाले पेश गरेका कागजातका आधारमा नेपाल सरकारको नाममा रहेको साविकको बाँसगढी नगरपालिका वडा नं. ८ हाल बाँसगढी नगरपालिका वडा नं. ५ स्थित कि.नं. ५८९८ क्षेत्रफल २६-१५-०६ जग्गामध्येबाट नगरपालिकामा विपद् व्यवस्थापनका लागि छुट्याईएको ०-५-७ (पाँच कठ्ठा सात धुर) जग्गालाई अन्यत्र पर्याप्त खुला जग्गा नगरपालिका क्षेत्रमा मौजुदा रहेको हुँदा उक्त जग्गा बाँसगढी नगरपालिकाको अत्याधुनिक व्यवसायिक भवन निर्माण गर्ने प्रयोजनार्थ उपलब्ध गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने ।

१४. २०७८ असार महिनाको पहिलो हप्ता जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको संयोजन, नेपाल रेडक्रस सोसाइटी, बर्दियाको प्राविधिक सहयोगमा सबै सुरक्षा निकायहरुको सहभागिता र DLSA को सहकार्यमा बाढी सम्वन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम सम्पन्न गर्ने ।

१५. जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियालाई कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि प्राप्त भएका सामग्रीहरु उपलब्ध गराउने विभिन्न व्यक्ति, संघसंस्थाहरुलाई धन्यबाद ज्ञापन गर्ने ।

१६. यस अघि भएका निर्णयहरुलाई थप प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षसंग अनुरोध गर्ने।